खप्तडछान्ना गाँउपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सम्पर्क नं. ९८४९९०८२४६
९८५८४८५६१६
Email: info@khaptadchhannamun.gov.np
itok.khaptadchhannamun@gmail.com
www.khaptadchhannamun.gov.np

सुदूरपश्चिम प्रदेश, नेपाल
पसलबगर, बझाङ

## बिषयः औषधी खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वान सूचनाको बिस्तृत बिबरण

प्रथम पटक प्रकाशित मितिः २०८०/०६/२४

यस खप्तडछान्ना गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा आवश्यक पर्ने औषधिजन्य सामाग्रीहरू शिलबन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्नुपर्ने भएकोले ईजाजत प्राप्त औषधि र औषधिजन्य सामग्रीहरु विक्रेता फर्म, संस्था वा कम्पनीहरूलाई निम्नलिखित शर्तको अधीनमा रही रितपुर्वक शिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ :

**निम्नः**

क) दरभाउपत्र खरिद गर्न ईच्छुक फर्म, संस्था कम्पनीले आ.व. २०८०/०८१ का लागि नवीकरण गरीएको फर्म, संस्था वा कम्पनी दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र तथा तथा आ.व. २०७९/८० को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ ।

ख) दरभाउ पत्र पेश गर्दा खप्तडछान्ना गाउँपालिकाको प्राईम कमर्सियल बैंकमा रहेको धरौटी खाता नं. ०७६०१०००००००१०३००१२५ मा नगद जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरेको कम्तिमा ७५ दिनको म्याद भएको बिडवण्ड संलग्न हुनु पर्नेछ।

ग) दरभाउ पत्र दाखिला गर्ने अन्तिम मिति यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० सम्म सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईटः www.bolpatra.gov.np बाट र सो दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिनको सोहि समयमा उक्त कार्यहरू गर्न सकिनेछ।

घ) शिलबन्दी दरभाउपत्र खोलिने मिति, समय र स्थानः प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको दिउसो २:०० बजे खप्तडछान्ना गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय शिलबन्दी दरभाउ पत्रदाताको प्रतिनिधिको अनुपस्थितिमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। सो दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिनको सोही समयमा शिलबन्दी बोलपत्र खोलिने छ ।

ङ) कार्यालयको अधिकार प्राप्त अधिकारीको सहिछाप नभएका र कुनै पनि शर्त राखी पेश गरिएका दरभाउ पत्र मान्य हुनेछैन ।

च) बोलपत्रदाताले आफ्नो कबोल अंकमा मूल्य अभिवृद्धि कर बाहेकको रकम उल्लेख गर्नु पर्नेछ ।

सम्पर्क नं. ९८४९९०८२४६
९८५८४८५६१६
Email: info@khaptadchhannamun.gov.np
itok.khaptadchhannamun@gmail.com
www.khaptadchhannamun.gov.np

सुदूरपश्चिम प्रदेश, नेपाल
पसलबगर, बझाङ

छ) बोलपत्र स्वीकृत नभएमा बोलपत्रदाताहरूको धरौटी रकम ठेक्का सम्झौता भएपछि मात्र फुकवा गरिने छ ।

ज) बोलपत्रदाता खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, यो खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र व्यवसायसम्बन्धी कसुरमा सजाय नपाएको भनी लिखित रूपमा गरेको स्वंघोषणा पत्र समेत दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

झ) शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।

ञ) खरिद गरिने औषधि तथा सामानहरू WHO GMP Certified कम्पनीबाट उत्पादन भएको, नवीकरण गरिएको प्रमाण पत्र र औषधि व्यवस्था विभागवाट प्राप्त नवीकरण गरिएको उत्पादन अनुज्ञापत्रको प्रमाणित प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

ट) औषधि दाखिला हुन आउँदासम्म औषधीको म्याद १८ महिनाभन्दा बढीको हुनु पर्ने छ । तर कुनै औषधिको म्याद १८ महिना भन्दा कम हुने अवस्थामा आपुर्ती हुने औषधिहरुको expiry date को ७५ प्रतिशत बाँकी हुँदा स्टोरमा दाखिला हुनु पर्नेछ ।सो भन्दा कम अवधीको औषधी स्वीकार्य हुने छैन ।

ठ) आपूर्ती गर्ने औषधि Bottle भएमा प्लाष्टिक बोतलमा र Tablets & Cap भए Strip / Vial, Amp and Tube मा आपूर्ती गर्नु पर्नेछ।

ड) आपूर्ती हुने औषधिको प्रत्येक strip/Labeling/Packaging को बाहिर उत्पादन मितिः Expiry date, Batch No, उत्पादक कम्पनीको नाम उल्लेख भएको हुनुपर्नेछ ।

ढ) आपूर्ती गरिने औषधी ढुवानी खर्च र सम्पुर्ण करहरू दरभाउ पत्र दाता स्वयंले बेहोर्नु पर्नेछ ।

ण) एक फर्मको नाममा खरिद गरिएको शिलबन्दी दरभाउ पत्र फारम अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाइने छैन ।

त) यस सूचनामा उल्लेख भएका कुराहरु पेश नगरी बोलपत्रको रीत नपुर्याइ प्राप्त भएको बोलपत्र माथि कुनै कारवाही गरिने छैन ।

थ) यस सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य कुरा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित तथाप्रचलित कानुन अनुसार हुनेछ ।

सम्पर्क नं. ९८४९९०८२४६
९८५८४८५६१६
Email: info@khaptadchhannamun.gov.np
itok.khaptadchhannamun@gmail.com
www.khaptadchhannamun.gov.np

# खप्तडछान्ना गाँउपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

सुदूरपश्चिम प्रदेश, नेपाल
पसलबगर, बझाङ

द) दरभाउपत्र सम्बन्धी अन्य केहि कुरा बुझ्नु परेमा खप्तडछान्ना गाउँपालिका गाउँपालिकाको कार्यालय वा फोन नं. ९८६५९१४४७३ मा सम्पर्क राखी बुझ्न सकिनेछ ।

| ठेक्का नं. | खरिद सम्बन्धी विवरण | फारम दस्तुर | माध्यम | जमानत रकम | जमानत मान्य अवधी | बोलपत्र पेश गर्ने अन्तिम मिति र समय | बोलपत्र खोलिने मिति र समय | लागत अनुमान (भ्याटसमेत) |
|---|---|---|---|---|---|---|---|---|
| KCRM/NCB/ G-02/080/81 | Supply And Deliver Of Drugs Material | रू. १००० | सिलबन्दी दरभाउपत्र | रू. ५५,००० | ७५ दिन | कार्तिक १०,२०८० दिउसो १२ :बजे | कार्तिक १०,२०८० दिउसो २ :बजे | २१,८३,००० |